बैठक संख्याः ४२ मितिः २०८१।०९।१७ समयः विहान ९:०० बजे

आज मिति २०८१।९।१७ गते गुराँस गाउँपालिका दैलेखको ४२ औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र बहादुर वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सदस्य सचिव) |

सहयोगी कर्मचारी

| | |
|---|---|
| श्री मदन पुजारा मल्ल | -अधिकृत छैठौ |
| श्री खेमराज उपाध्याय | - सहायक चौथो |
| श्री पूर्ण बहादुर वली | -सचिवालय सहायक |
| श्री खगीसरा वि क | कार्यालय सहयोगी |

(१) आज मिति २०८१।०९।१६ मा गुराँस गाउँ कार्यपालिकाको बैठक आव्हान गरिएकोमा यस कार्यपालिकाका केहि सदस्यहरु विभिन्न कारणले उपस्थित हुन नसकेको हुँदा यो बैठक स्थगन गर्ने र आगामी बैठक मिति २०८१।०९।१८ मा बोलाउने निर्णय गरियो ।

मिति २०८१।९।१७ गते का दिन बसेको बैठकमा तपसिलका कार्यपालिका सदस्यहरु उपस्थित हुन नसक्नु भई बैठक स्थगन गर्ने भनी निर्णय भएको हुँदा आज मिति २०८१।९।१८ गते का दिन सोही बैठकलाई निरन्तरता दिने गरि देहायका प्रस्तावहरु उपर छलफल गरी देहायका निर्णयहरु गरियो ।

उपाध्यक्ष श्री शिवा कुमारी खड्का

वडा नं.३ का वडा अध्यक्ष श्री काशीराम शर्मा

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समिक्षा ।

२. अर्धवार्षिक कार्यसम्पादन समिक्षा

३. गाउँ सभाको १५ औ अधिवेशन र कार्यविभाजन सम्बन्धमा ।

४. विधेयकहरुको सम्बन्धमा ।

५. कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।

६. LISA र FRA को प्रारम्भिक नतिजा प्रकाशन सम्बन्धमा ।

७. आगामी आ व को राजश्व प्रक्षेपण र राजश्व सुधार योजना अद्यावधिक गर्ने सम्बन्धमा ।

८. विषयगत समितिका प्रतिवेदनहरु पारित गर्ने सम्बन्धमा ।

९. राजश्व परामर्श समितिको राजश्व परिचालन सम्बन्धी सुझाव पारित गर्ने सम्बन्धमा ।

१०. अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

११. संघिय समपूरक र विशेष अनुदानका योजना छनौट गर्ने सम्बन्धमा ।

१२. बजेट रकमान्तर तथा बाँडफाँड सम्बन्धमा ।

१३. महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनको समिक्षा र बेरुजु फछ्र्यौट सम्बन्धमा ।

१४. लेखा समितिको गठन र विषयगत समितिहरुको आवश्यक पुनर्गठन सम्बन्धमा ।

१५. करार कर्मचारी र शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन तथा सम्झौता नविकरण सम्बन्धमा ।

१६. गुराँस गाउँपालिकाको भगेनी सम्बन्ध स्थापना सम्बन्धमा ।

१७. शिक्षा समितिको निर्णयहरु अनुमोदन सम्बनध्मा ।

१८. नदिजन्य पदार्थको उत्खन्न तथा बिक्रि बितरण सम्बन्धमा ।

१९. विद्युत खानेपानी लगायत विभिन्न विकास समितिहरुको गठन सम्बन्धमा ।

२०. टोल विकास संस्था, वन, सहकारी, विद्यालय, उद्योग वाणिज्य र उपभोक्ता महासंघ गठन सम्बन्धमा ।

२१. पालिका स्थापना देखि हाल सम्मको आन्तरिक लेखा परीक्षण (चाटर्ड एकाउन्टेनबाट) गर्ने सम्बन्धमा ।

२२. कर्मचार भर्ना सम्बन्धमा । (रोजगार संयोजक। गरिब सँग विशेश्वर कार्यक्रम। नगर प्रहरी)

२३. मर्मत सुधार कोष स्थापना सम्बन्धमा ।

२४. आइडी नेपाल र एभरेष्ट कल्बको सहयोगमा संचालन हुने पोषण सिकाई केन्द्र अनुमति र रकम साझेदारी सम्बन्धमा ।

२५. एम्बुलेन्स संचालन र रकम भुक्तानी सम्बन्धमा ।

२६. १५ शैया अस्पताल भवन निर्माण ठेक्काको म्याद थप र परिवर्तित डिजाइनलाई ठेक्का भित्र रहेको रकममा काम गराउने सम्बन्धमा ।

काम गराउने सम्बन्धमा ।

२७. सम्पन्न हुन नसकेका योजनाहरुको म्याद थप सम्बन्धमा ।

२८. आव २०८१/०८२ मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम संचालनका लागि वडा तोक्ने सम्बन्धमा ।

२९. एक वडा एक उद्योग कार्यक्रम संचालन र क्षेत्र छनौट सम्बन्धमा ।

३०. जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा ।

३१. वडा सिफारिस र योजना सम्बन्धी सफ्टवयरको पूर्ण कार्यान्वियन सम्बन्धमा ।

३२. निःशुल्क एम्बुलेन्स सेवा संचालन सम्बन्धमा ।

३३ विविध

(क) प्राकृतिक स्रोत तथा वित्त आयोगमा माग भएको विवरण पेश गर्ने सम्बन्धमा ।

(ख) जिवन सुरक्षा कोष, बालबालिकासँग अध्यक्ष कार्यक्रम र जोखिम बालबालिका कोष सम्बन्धमा ।

(ग) तमु ल्होसार कार्यक्रमका लागि आर्थिक सहयोग सम्बन्धमा ।

(घ) प्लम्बर तालिम संचालन सम्बन्धमा ।

(ङ) सामाग्री वितरण र म्याद गुज्रेका सामानहरु नष्ट गर्ने सम्बन्धमा ।

मिति २०८१।९।१७ गते का दिन बसेको बैठकमा तपसिलका कार्यपालिका सदस्यहरु उपस्थित हुन नसकेका कारण स्थगन भएको बैठक आज मिति २०८१।९।१८ गते का दिन सोही बैठकलाई निरन्तरता दिने गरि विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

उपाध्यक्ष श्री शिवा कुमारी खड्का

वडा नं. ३ का वडा अध्यक्ष श्री काँशीराम शर्मा

निर्णयहरु

निर्णय नं १

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको ४१ औं र ४२ औं बैठकले गरेका निर्णयहरु कार्यान्वयनको सन्दर्भमा छलफल गरियो । ४१ औं बैठकका ९ वटा निर्णयहरु कार्यान्वयन हुन नसकेको र बाँकी निर्णयहरु कार्यान्वयन भएको तथा ४२ औं बैठकको अधिकांश निर्णयहरु कार्यान्वयन भएका र बाँकी निर्णयहरु पौष मसान्त भित्र अनिवार्य कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नम्बर २ अन्तर्गत चालु आ. व. को अर्धबार्षिक समिक्षा गर्दा, गुराँस गाउँ कार्यपालिकाका नियमित बैठक बसेका र कार्यपालिका मातहतका विषयगत तथा क्षेत्रगत समितिका बैठकहरु आंशिक रुपमा बसी विभिन्न निर्णय गरेको, चालु आ.व. को अर्ध वार्षिक कार्यसम्पादन समिक्षा गर्दा चालु २३.८२ प्रतिशत र पुँजिगत १२.३१ प्रतिशत गरि जम्मा २०.९४ प्रतिशत खर्च भएको पाइयो । साथै वडा कार्यालय भवन, गा.पा. कार्यालय परिसर व्यवस्थापन, इ-हाजिरी, अनलाइन सिफारिस लगायत भौतिक विकास र सुशासन लगायत मानव विकास सुचाङ्का अधिकांश सुचकहरुमा सुधार भएकोले समग्र रुपमा सन्तोषजनक रहेको भएता पनि बजेट/योजना/कार्यक्रम कार्यान्वयन आ.व. शुरु भएको मितिले प्रथम त्रैमासिक भित्र नै कार्यान्वयन योजना तयार पारी कार्यान्वयन तर्फ लाग्नु पर्ने समिक्षा गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

... बहादुर पौडेल
... प्रशासकीय अधिकृत

निर्णय नं ३

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा गुराँस गाउँ सभाको १५औं अधिवेशन यहि मिति २०८१ पौष महिनाको २६ गते शुक्रबार विहान ११ बजे आव्हान गर्न गाउँ सभा सचिवालयमा सिफारिस गर्ने निर्णय गरियो । सो अधिवेशनलाई सफल बनाउन देहाय बमोजिमको जिम्मेवारी बाँडफाट गर्ने निर्णय गरियो ।

**विधेयक/कार्यविधि सम्बन्धी आवश्यक कामकाजः**

(क) ३ नं. वडा अध्यक्ष श्री नन्दबहादुर बि.सी.

(ख) प्रमुख प्रशासकीय अधिकृत श्री दिलबहादुर पौडेल

(ग) उजुरी प्रशासक श्री सीता ओली

**गाउँ सभा व्यवस्थापकीय कार्यः**

(क) अधिकृत छैठौं श्री मदनप्रकाश मल्ल

(ख) श्री पूर्णबहादुर वली

(ग) सूचना प्रविधि अधिकृत श्री हृदयराज शाही

(घ) सहायक चौथो श्री खेमराज उपाध्याय

(ङ) उद्यम विकास सहजकर्ता श्री इन्द्रा थापा मगर

निर्णय नं ४

प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा विभिन्न ऐनहरु आवश्यक परेको हुँदा देहायका विधेयकहरु प्रक्रिया पुरा गरि आगामी गाउँ सभामा पेश गर्न सभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१. दलित सुमदायको हक, हित, अधिकार संरक्षण प्रवर्द्धन र कार्यान्वियन विधेयक, २०८१

२. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सरक्षण प्रवर्द्धन र कार्यान्वियन विधेयक, २०८१

३. वातावरण संरक्षण विधेयक, २०८१

४. गुराँस पूर्ण स्वरोजगार विधेयक, २०८१

५. विपद व्यवस्थापन विधेयक, २०८१

निर्णय नं. ५)

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कार्यपालिकाबाट पारित भएका देहायका कार्यविधि, निर्देशिका र नियमावलीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

१. स्थानीय पूर्वाधार आयोजना संञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१

२. प्रारम्भिक वातावरणिय परीक्षण कार्यविधि २०८१

३. स्थानीय पूर्वाधार मर्मत संभार कोष तथा कार्य संञ्चालन कार्यविधि, २०८१

४. जोखीम संवेदनसिल भु उपयोग कार्यविधि, २०८१

५. गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८१

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

६. प्रारम्भिक वातावरण परीक्षण कार्यविधि, २०८१

७. गुराँस गाउँपालिकाको बेरुजु फच्र्यौट निर्देशिका, २०८१

८. गुराँस खेलकूद विकास समिति गठन तथा सञ्चालन सम्बन्धि कार्यविधि, २०८१

९. सार्वजनिक सेवाको मापदण्ड, २०८१

१०. सुनौलो हजार दिन, उपाध्यक्षले भेट्नेछिन् कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

११. ज्येष्ट नागरिक, दीर्घ रोगी घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम कार्यविधि, २०८१

१२. महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका सेवा सुविधा एवं कोष परिचालन सम्बन्धि कार्यविधि, २०८१

१३. मानसिक स्वास्थ्य विमा सेवा तथा अन्य सुविधा सम्बन्धि कार्यविधि, २०८१

१४. लैङ्गिक तथा योनिक अल्पसंख्यक सहयोग तथा आत्मनिर्भर कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

१५. सार्वजनिक जवाफदेहिता सम्बन्धि कार्यविधि, २०८१

१६. सेनेटरी प्याड वितरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८१

१७. निः शुल्क स्वास्थ्य विमा सञ्चालन सम्बन्धि कार्यविधि, २०८१

१८. पालिका कर्मचारी तथा जनप्रतिनिधिको बिमा सम्बन्धी कार्यविधि, २०८१

१९ आन्तरीक नियन्त्रण कार्यविधि, २०८१

२० संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१

२१ साझेदारी संचालन कार्यविधि,२०८१

निर्णय नं ६

प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन (LISA)मा ९१ प्रति स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA)८७.०० प्रतिशतको प्राप्त देहायको प्रारम्भिक नतिजा जानकारीका लागि प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | स्व-मूल्याङ्कनका विषय क्षेत्रहरु | स्कोर प्रतिशत |
|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९४.४४ |
| २ | संगठन तथा प्रशासन | १०० |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ९५.४५ |
| ४ | वित्तिय एवं आर्थिक व्यवस्थापन | ९५.४५ |
| ५ | सेवा प्रवाह | ९३.७५ |
| ६ | न्यायिक कार्यसम्पादन | ८५.७१ |
| ७ | भौतिक पूर्वाधार | ८४.६२ |

दीप बहादुर बि.सी.
अध्यक्ष

| | | |
|---|---|---|
| ८ | सामाजिक समावेशीकरण | ९५ |
| ९ | वातावरण संरक्षण र विपद व्यवस्थापन | ८८.८९ |
| १० | सहकार्य र समन्वय | ६६.६७ |
| | जम्मा औषत प्रासाङ्क | ९१ |

निर्णय नं ७

प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा राजश्व परामर्श समितिबाट पेश भएको आगामी आव २०८२।०८३ को राजश्व प्रक्षेपण प्रतिवेदन र राजश्व सुधार योजना (२०७९।०८०- २०८१।०८२) लाई अद्यावधिक गरी आगामी गाउँ सभामा पेश गर्न राजश्व परामर्श समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा यस गुराँस गाउँपालिका सरकार अन्तर्गतका बिभिन्न विषयगत समितिमध्ये सामाजिक विकास समिति,पूर्वाधार विकास समिति र संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन समितिका बैठक बसेकोमा ती समितिका प्रतिवेदनमाथि छलफल गरि बाँकी विषयगत समितिका बैठकका निर्णय पेश गर्न समितिका संयोजकहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा राजश्व परामर्श समितिबाट प्राप्त प्रतिवेदनमाथि छलफल गर्दा चालु आर्थिक बर्षको मंसिर महिना सम्म रु. ३७ लाख ३० हजार ८४८ रुपैयाँ ११ पैसा राजश्व संकलन भएकोमा थप राजश्व संकलनको कार्य थप प्रभावकारी बनाउने निर्णय गरियो ।साथै राजश्व परामर्श समितिले पेश गरेका राजश्व परिचालन सम्बन्धी सुझावका बारेमा बैठकमा छलफल गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १०

प्रस्ताव नम्बर १० माथि छलफल गर्दा अनुगमन तथा सुपरीवेक्षण समितिको काम कारबाहीको समिक्षा प्रतिवेदन प्राप्त नभएकोले पूर्ण प्रतिवेदन अर्को बैठकमा पेश गर्न अनुगमन तथा सुपरिवेक्षण समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा आव २०८२/०८३ का लागि संघीय समपूरक र विशेष अनुदानको लागि देहाय बमोजिमका योजना छनौट गरी प्रस्ताव पेश गर्ने सर्वसम्मत् निर्णय गरियो ।

तपसिलः

संघीय समपूरकः

(क) गुराँस गौरव मार्ग निर्माण तथा स्तरोन्नती

(ख)सरस्वति मा वि पातिकाल्ला ६ कोठे भवन निर्माण

(ग) सल्लेरी मैनीखोला हुँदै सेप्टी सिंचाई आयोजना

टोप बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रशासकीय अधिकृत

संघीय विशेष अनुदानः

(क) एक घर एक धारा आयोजना, गुराँस ५

(ख) झुँज, गर्चेखोला, मिलनचौक हुँदै पुलिया वृहत् सिचाई आयोजना

<u>निर्णय नं १२</u>

प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा चालु आव २०८१।०८२ को स्थानीय पूर्वाधार विकास कार्यक्रम (एलआइएसपी) सँगको साझेदारी शिर्षकमा विनियोजित बजेट रु.३ करोड १६ लाख ८ हजार मध्येबाट अन्य कार्यक्रम तथा योजनाहरु आवश्यकता औचित्यता र प्राथमिकताका शाखागत मागका आधारमा नियमित प्रशासनिक कार्यका लागि तपसिलमा उल्लेखित बजेट कार्यक्रमहरु तथा योजनाहरुमा वडा बाट माग भै आएका योजनालाई आधार मानि शिर्षक संशोधन रकमान्तर र बजेट विनियोजन तथा बाँड फाँड गरी गाउँसभामा पेश गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिलः

| क. सं. | बजेट शिर्षक | घट रकम (रु. हजारमा) | रकमान्तर शिर्षक | बढ रकम (रु. हजारमा) |
|---|---|---|---|---|
| १ | वडा कार्यालय संचालन व्यवस्थापन तथा कम्प्युटर प्रिन्टर खरिद वडा नं. ७ | १५० | धाराहाल्ना कोप्ची खानपानी मर्मत वडा नं. ७ | १५० |
| २ | ३ वटा विद्यालयका लागि कार्यालय संचालन तथा व्यवस्थापन सहयोग वडा नं. ७ | १५० | श्री सरस्वती प्रा. वि. मर्खे कार्यालय व्यवस्थापन वडा नं. ७ | १०० |
| | | | माईको थान मन्दीर मर्मत गुराँस ७ | ५० |
| ३ | बाल दिवस तथा जोखिम बालबालिका राहत उद्वार कार्यक्रम | ५० | अपाङ्गता लक्षित कार्यक्रम वडा नं ७ | ५० |
| | ने.रा.मा.वि. बगौराको वायरिङ व्यवस्थापन तथा जय जनता मा वि को ढलान मर्मत वडा नं. ६ | १५० | नेरा मावि बगौराको विद्युत वायरिङ (४ र ६ कोठे भवन) गुराँस ६ | १५० |
| | ने.रा.मा.वि. वगौराको वायरिङ व्यवस्थापन तथा जय जनता मा. वि. को ढलान मर्मत | १५० | जय जनता मा वि ४ कोठे भवनको ढलान मर्मत गुराँस- ६ | १५० |
| | ज्येष्ठ नागरिक सम्मान तथा अपाङ्गता लक्षित कार्यक्रम वडा नं. ६ | ५० | अपाङ्गता लक्षित कार्यक्रम वडा नं. ६ | ५० |

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम साझेदारी अन्तर्गतका योजनाहरु | १३७०० | दोवाटो पातिकाल्ना सडक स्तरउन्नति योजना वडा नं. ३ र ४ | २८०० |
| | | | राउटे गल्छिना देखि वडा कार्यालय सम्म सडक स्तरउन्नोति कार्य वडा नं. ५ | १६०० |
| | | | भ्युचुला पुलिया सडक स्तरउन्नोति योजना. वडा नं. ६ | २००० |
| | | | घुम्ने बिसाउना छउडेकाडाँ सडक स्तरउन्नोति वडा नं. ७ | १६०० |
| | | | गौरव मार्ग अन्तर्गत सडक स्तरउन्नोति तथा नाला निर्माण वडा नं. ८ | ११०० |
| | | | तल्लो डुगेश्वर खानेपानी निर्माण योजना.वडा नं. २ | १५०० |
| | | | जमाढाक्न हुदै बाङ्गा सिचाइ कुलो निमार्ण योजना.वडा नं. ६ | १२०० |
| | | | कालिका मा वि भवन निर्माण वडा नं. ८ | १२०० |
| | | | गा.पा.परिसर सुरक्षा पर्खाल योजना वडा नं.४ | १२०० |

टोप बहादुर बि.सी.
अध्यक्ष

## रकमान्तर, श्रोतान्तर, र संशोधन भएका योजना तथा कार्यक्रमको विवरण - वडा तर्फ

| सि. नं. | कायम भएको योनना तथा कार्यक्रमको नाम | बजेटको स्रोत | रकम | सि. नं. | नयाँ कायम हुने योजना तथा कार्यक्रमको नाम | बजेटको श्रोत | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय संचालन व्यवस्थापन तथा कम्प्युटर प्रिन्टर खरिद वडा नं.७ | समानिकरण अनुदान | १५०००० | १ | धाराहाल्ना कोप्ची खानेपानी मर्मत वडा नं ७ | समानिकरण | १५०००० |
| २ | स्थानिय ३ वटा विद्यालयका लागी कार्यालय संचालन तथा व्यवसथापन सहयोग वडा नं.७ | राजस्व बाँडफाँड | १५०००० | २ | सरस्वति प्रा.वि मखें कार्यालय व्यवस्थापन | समानिकरण | १००००० |
| ३ | | | | ३ | माइको थान मन्दिर मर्मत गुरासँ ७ | समानिकरण | ५०००० |
| ४ | बाल दिवश तथा जोखिम बालबालिका राहात उद्धार कार्यक्रम | समानिकरण अनुदान | ५०००० | ४ | अपाङ्गता लक्षित कार्यक्रम वडा नं ७ | समानिकरण | ५०००० |
| ५ | नेरा मा वि बगौराको बायरिङ व्यवस्थापन तथा जय जनता मा वि को ढलान मर्मत वडा नं.६ | समानिकरण अनुदान | १५०००० | ५ | नेरा मावि बगौराको बिधुत वायरिङ ( ४ र ६ कोठे भवन गुरासँ ६ | समानिकरण | १५०००० |
| ६ | नेरा मा वि बगौराको बायरिङ व्यवस्थापन तथा जय जनता मा वि को ढलान मर्मत वडा नं.६ | समानिकरण अनुदान | १५०००० | ६ | जय जनता मा वि ४ कोठे भवनको ढलान मर्मत गुराँस ६ | समानिकरण | १५०००० |
| ७ | ज्येष्ठ नागरिक सम्मान तथा अपाङ्गता लक्षित कार्यक्रम | समानिकरण अनुदान | ५०००० | ७ | अपाङ्गता लक्षित कार्यक्रम वडा न ६ | समानिकरण | ५०००० |

## रकमान्तर, शिर्षकान्तर, श्रोतान्तर, र संशोधन भएका योजना तथा कार्यक्रमको विवरण - पालिका तर्फ

| सि. नं. | कायम भएको योनना तथा कार्यक्रमको नाम | बजेटको स्रोत | रकम | सि. नं. | नयाँ कायम हुने योजना तथा कार्यक्रमको नाम | बजेटको श्रोत | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गुराँस फार्मेसी संचालन तथा व्यवस्थापन | नेपाल सरकार समानिकरण अनुदान | ४००००० | १ | इन्धन कार्यालय प्रयोजन | राजस्व बाँडफाँड | ५००००० |
| २ | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | राजस्व बाँडफाँड | १५००००० | २ | इन्धन अनुगमन प्रयोजन | राजस्व बाँडफाँड | ५००००० |
| ३ | गुरासँ पर्यटन आधारभुत पुर्वाधार अध्ययन तथा निर्माण क्रमागत | नेपाल सरकार समानिकरण अनुदान | ४००००० | ३ | सवारी साधन मर्मत | समानिकरण | ८००००० |
| ४ | नगर प्रहरी व्यवस्थापन | राजस्व बाँडफाँड | ८००००० | ४ | मेसिनरी औजार मर्मत खर्च | समानिकरण | ५००००० |
| ५ | जनचेतना सिप विकास गोष्ठी संचालन खर्च | राजस्व बाँडफाँड | ४००००० | ५ | विमा नविकरण | समानिकरण | ३००००० |
| ६ | एक वडा एक उद्योग साझेदारी कार्यक्रम | नेपाल सरकार समानिकरण अनुदान | १५००००० | ६ | मेसिनरी औजार खरिद | समानिकरण | ३००००० |

टोप बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | जल पर्यटन तथा जल यातायात | नेपाल सरकार समानिकरण अनुदान | २००००० | ७ | साझेदारी करार तलब | राजस्व बाँडफाँड | १५००००० |
| ८ | पढ्दै कमाउदै कार्यक्रम | नेपाल सरकार समानिकरण अनुदान | ५००००० | ८ | अन्य करार कर्मचारीहरुको तलब | राजस्व बाँडफाँड | ३०००००० |
| ९ | लोक सेवा तयारी प्रोत्साहन कार्यक्रम | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | ९ | घरभाडा (प्रहरी चौकी समेत) | राजस्व बाँडफाँड | २००००० |
| १० | हरियाली विद्यालय विशेष कार्यक्रम | नेपाल सरकार समानिकरण अनुदान | ६००००० | १० | करार शिक्षकहरुको तलब | राजस्व बाँडफाँड | २५००००० |
| ११ | जोखिम बालबालिका शैक्षिक सुधार अभियान | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | ११ | सरस्वति माध्यमिक विद्यालय तला थप गुराँस- ३ दैलेख | राजस्व बाँडफाँड | १५००००० |
| १२ | बेरुजु सम्बन्धि सचेतना कार्यक्रम | राजस्व बाँडफाँड | २००००० | १२ | गुराँस अस्पताल नागरिक आरोग्य सेवा केन्द्र व्यवस्थापन | समानिकरण | २००००० |
| १३ | पोषण तर्फका विभिन्न कार्यक्रम संचालन | राजस्व बाँडफाँड | ३००००० | १३ | टोल विकास/उपभोक्ता समिति गठन व्यवस्थापन | समानिकरण | ३५०००० |
| १४ | कर्मचारी क्षमता विकास तालिम संचालन | राजस्व बाँडफाँड | ३००००० | १४ | गुराँस भलिबल कप प्रतियोगिता | समानिकरण | २००००० |
| १५ | गुराँस क्षेत्रमा पदमार्ग पहिचान संरक्षण विकास कार्यक्रम | नेपाल सरकार समानिकरण अनुदान | २१४००० | १५ | प्रकोप व्यवस्थापन | समानिकरण | १००००० |
| १६ | गुराँस मिनि औधोगिक ग्राम | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | १६ | गाउँसभा संचालन खर्च | राजस्व बाँडफाँड | ३००००० |
| १७ | गुराँस सांसकृतिक कोसेली घर व्यवस्थापन | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | १७ | पालिका स्तरीय परिक्षा संचालन तथा व्यवस्थापन | समानिकरण | १००००० |
| १८ | कृषि विकास तथा अनुसन्धान केन्द्र संचालन तथा व्यवस्थापन | नेपाल सरकार समानिकरण अनुदान | ६०००००० | १८ | विद्यालयहरुलाइ घेरबार | समानिकरण | ३०००००० |
| १९ | स्थानिय पुर्वाधार विकास साझेदारी बाट बचत रकम | नेपाल सरकार समानिकरण अनुदान | २०९७८७४५ | १९ | विद्यालयहरुलाइ रंगरोगन | समानिकरण | ३०००००० |
| २० | कर्मचारीकोको बैठक भत्ता | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | २० | स्वास्थ संस्था रंगरोगन | समानिकरण | ५००००० |
| २१ | किसानमा शहर पहुचमा सहर | नेपाल सरकार समानिकरण अनुदान | ७००००० | २१ | बर्थिङ सेन्टर मर्मत वडा न ३ | समानिकरण | २५०००० |
| २२ | रैथाने उत्पादन प्रवर्द्धका लागी गुराँस महोत्सव | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | २२ | सार्वजानिक शौचालय निर्माण ५ वटा | समानिकरण | १०००००० |
| २३ | वडा तर्फका कार्यक्रमहरु | राजस्व बाँडफाँड | ८००००० | २३ | प्रतिक्षालय निर्माण ५ वटा | समानिकरण | १०००००० |
| २४ | विपद् तथा आपतकालिन आर्थिक सहयोग २५ जना ८ वटै वडाको | नेपाल सरकार समानिकरण अनुदान | ४००००० | २४ | हामि बनाउछौं सडक निर्माण तथा मर्मत | समानिकरण | १०००००० |
| २५ | सुनौला हजार दिन उपाध्यक्षले भेट्नेछिन | नेपाल सरकार समानिकरण अनुदान | ४००००० | २५ | वडा कार्यालय घेराबार तथा रंगरोगन बगैचा १ देखी ८ | समानिकरण | १६००००० |
| २६ | गुराँस इन्टरनेट सेवा अध्ययन तथा परिक्षण कार्य | नेपाल सरकार समानिकरण अनुदान | ५००००० | २६ | घरघरमा धारा वडा न ६, ७, र ८ | समानिकरण | १०००००० |
| २७ | सुन्दर छ जीवन कार्यक्रम सि ए सि साझेदारी | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | २७ | सोलार स्टे लाइट खरिद | समानिकरण | १०००००० |
| २८ | ज्येष्ठ नागरिक जहाँ स्वास्थ कर्मी तहाँ | नेपाल सरकार समानिकरण अनुदान | २७५९४६ | २८ | नाइटेरा मावलकुना खानेपानी योजना गुरासँ.१ दैलेख | समानिकरण | ५००००० |
| २९ | विभिन्न दिबशिय कार्यक्रम संचालन | नेपाल सरकार समानिकरण अनुदान | २५०००० | २९ | वडा नं. ३ को वडा कार्यालयमा खानेपानी व्यवस्थापन | समानिकरण | ५००००० |
| ३० | फिल्ड भत्ता | राजस्व बाँडफाँड | १०००००० | ३० | वडा कार्यलय, स्वास्थ चौकी, रसेनी गैरा, कटेला खानेपानी व्यवस्थापन | समानिकरण | २००००० |
| ३१ | आयोजना तथा योजना अनुगमन खर्च | राजस्व बाँडफाँड | ३००००० | ३१ | वडा नं.५ का अधुरा सडक मर्मत | समानिकरण | ५५०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ३२ | वडा नं २ र ८ को वर्थिङ मर्मत तथा व्यवस्थापन | समानिकरण | १०००००० |
| | | ० | ३३ | शारदा आ.वि. गुराँस , १ को रेलिङ र च्यानल गेट | समानिकरण | ३००००० |
| | | ० | ३४ | सानाँकाडा डोंटखोला लिफ्टिङ गुरासँ , ५ दैलेख | समानिकरण | ७००००० |
| | | ० | ३५ | गुरासँ आ. वि.शौचालय घेरवार र गेट निर्माण गुराँस - ५ | समानिकरण | १०००००० |
| | | ० | ३६ | पाइप खरिद गुराँस गाउँपालिका दैलख | समानिकरण | ५००००० |
| | | ० | ३७ | जाली खरिद गुराँस गाउँपालिका दैलेख | समानिकरण | ५००००० |
| | | ० | ३८ | मौबाघारी देखि माथिल्लो सेफ्टी सम्म सडक मर्मत गुराँस १ | समानिकरण | २००००० |
| | | ० | ३९ | भिडियो डकुमेन्ट्री कार्यक्रम | समानिकरण | १००००० |
| | | ० | ४० | कालिका माध्यमिक विद्यालय मर्चाको अपुरो भवन निर्माण गुराँस-१ | समानिकरण | १५००००० |
| | | ० | ४१ | तल्लो डुगेश्वर भित्री बजार सडक स्तरउन्नोति कार्य गुरासँ २ दैलेख | समानिकरण | ५००००० |
| | | ० | ४२ | गुराँस गाउँपालिकाको पालिका घेरबार तथा गेट निर्माण | समानिकरण | १०००००० |
| | | ० | ४३ | बन्डाली थान देखि डुडा पोखरा सडक निर्माण गुराँस-३ | समानिकरण | ४००००० |
| | | ० | ४४ | गाउँपालिका कार्यालयको कम्पाउन्ड वाल निर्माण | राजस्व बाँडफाँड | ६००००० |
| | | ० | ४५ | गाउँपालिका कार्यालयको बगैंचा निर्माण | समानिकरण | ३५०००० |
| | | ० | ४६ | पर्यटकीय महत्वका मन्दिर मर्मत, घेरावार तथा रंगरोगन | समानिकरण | ७००००० |
| | | ० | ४७ | कार्यालयको भवनको बैठक कक्ष निर्माण | समानिकरण | ६००००० |
| | | ० | ४८ | कृषि र पशुको सेवा केन्द्र मर्मत तथा व्यवस्थापन (भ्युचुला र पाति | समानिकरण | ५००००० |
| | | ० | ४९ | गाउँपालिकाको कम्पाउन्ड पत्थर पार्टेशन कार्य | समानिकरण | ३००००० |
| | | ० | ५० | वडा कार्यालय र स्वा चौ को ब्याकअप र वाईरिङ | समानिकरण | ३००००० |
| | | ० | ५१ | मालिका मा वि मकुट्क फर्निचर व्यवस्थापन | समानिकरण | १५०००० |
| | | ० | ५३ | गुराँस बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थान | समानिकरण | १५००००० |
| | | ० | ५४ | महिला स्वास्थ्य संयमसेविका बिमा साझेदारी प्रोत्साहन र आमा समुह व्यवस्थापन | समानिकरण | १६८६९१ |
| जम्मा घट रकम रु | | ४०८१८६९१ | | जम्मा बढ रकम रु | | ४०८१८६९१ |

## स्थानिय पुर्वाधार विकास साझेदारी र गुराँस गाउँपालिका तर्फका साझेदारी तर्फ(LISP)

| | | |
|---|---|---|
| गाउँपालिका बजेट | १३७००००० | ३१६०८००० |
| LISP को बजेट | १७९०८००० | |

योजना तथा कार्यक्रमहरु

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | श्रोत | रकम |
|---|---|---|---|
| १ | दोबाटो पातिकाल्ना सडक स्तरउन्नोति कार्य | नेपाल सरकार,समानिकरण अनुदान | ६३००००० |
| २ | राउटे गल्छिना देखि वडा कार्यालय सम्म सडक स्तरउन्नोति कार्य | नेपाल सरकार,समानिकरण अनुदान | ३६०८००० |
| ३ | भ्युचुला पुलिया सडक स्तरउन्नोति योजना, | नेपाल सरकार,समानिकरण अनुदान | ४५००००० |
| ४ | घुम्ने बिसाउना छउडेकाडाँ सडक स्तरउन्नोति कार्य, | नेपाल सरकार,समानिकरण अनुदान | ३६००००० |
| ५ | गौरव मार्ग अन्तर्गत सडक स्तरउन्नोति तथा नाला निर्माण वडा नं. ८ | नेपाल सरकार,समानिकरण अनुदान | ३०००००० |
| ६ | तल्लो डुगेश्वर खानेपानी निर्माण योजना, | नेपाल सरकार,समानिकरण अनुदान | ४७००००० |
| ७ | जमाढाक्न हुदै बाङ्गा सिचाइ कुलो निमार्ण योजना, | नेपाल सरकार,समानिकरण अनुदान | २२००००० |
| ८ | गा पा परिसर सुरक्षा पर्खाल योजना गुराँस दैलेख | नेपाल सरकार,समानिकरण अनुदान | ३७००००० |
| | कुल जम्मा रकम | | ३१६०८००० |

धेत बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १३

प्रस्ताव नम्बर १३ माथि छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट गरिएको आ.ब. २०८०/०८१ को लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमाथि समीक्षा गरियो । प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुलाई तोकिएको समय भित्रै समपरीक्षण गर्नका लागिसम्बन्धित शाखा, वडा कार्यालय, विद्यालयहरु र व्यक्तिलाई ताकेता गरी समपरीक्षणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।साथै यस पूर्व अवधिको प्रतिवेदनमा उल्लेखित बेरुजु फछ्यौंटका लागि आवश्यक कार्य गर्न लेखा समिति, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र आन्तरीक लेखा परीक्षकलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं १४

प्रस्ताव नम्बर १४ माथि छलफल गर्दागाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ बमोजिम गठन/पुनर्गठन गर्नुपर्ने भएको हुँदा सो सम्बन्धी प्रस्ताव गाउँ सभाको १५औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं १५

प्रस्ताव नम्बर १५ माथि छलफल गर्दा यस गुराँस गाउँपालिकाभित्र विभिन्न जिम्मेवारीमा कार्यरत करार/ज्यालादारी कर्मचारी र शिक्षकहरुको कार्यसम्पादन तथा आचरण, अनुशासन मूल्याङ्कन गरी उतिर्ण हुनेहरुको सम्झौता २०८२ असार मसान्त सम्मका लागि नविकरण गर्ने निर्णय गरियो।

निर्णय नं १६

प्रस्ताव नम्बर १६ माथि छलफल गर्दा गुराँस गाउँपालिकासँग भगेनी सम्बन्धको लागि कोशोभो, जापान र चिन लगाएत राष्ट्रबाट प्रस्ताव प्राप्त भएकोमा सोको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेबारी दिने निर्णय गरियो ।

निर्णय नं १७

प्रस्ताव नम्बर १७ माथि छलफल गर्दा गुराँस गाउँ शिक्षा समितिले मिति २०८१/०१/१८ गते देखि मिति २०८१/०९/०२ गते सम्म भए गरेका निर्णयहरु आवश्यक सुझावसहित अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १८

प्रस्ताव नम्बर १८ माथि छलफल गर्दा नदिजन्य पदार्थको उत्खनन् तथा विक्री वितरणको लागि यस गुराँस गाउँपालिकाबाट जारी भएको टेन्डर सूचनाको आधारमा कुनै पनि व्यावसायिक फार्महरुबाट टेन्डर आवेदन प्राप्त नभएको हुँदा लोहोरे खोला तल्लो डुङ्गेश्वर कर्णाली नदि, पराजुली खोला, गर्चे खोला, झुझ खोला लगायतका ठाउँहरुबाट नदिजन्य पदार्थको उत्खन्न तथा बिक्रि बितरण गाउँपालिकाले कर्मचारी खटाई प्रचलित कानून बमोजिम राजश्व संकलन गर्ने निर्णय गरियो।

निर्णय नं १९

प्रस्ताव नम्बर १९ माथि छलफल गर्दा यस गुराँस गाउँपालिकामा विद्युत, खानेपानी, खेलकुद लगायतका क्षेत्रलाई व्यवस्थापन गर्न पालिकास्तरीय समितिहरू आवश्यक देखिएको हुँदा सो को लागि कानुनी व्यवस्थापन गर्न सम्बन्धित विषयगत समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

...प बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं २०

प्रस्ताव नम्बर २० माथि छलफल गर्दा टोल विकास संस्था, सहकारी, विद्यालय, उद्योग वाणिज्य संघ, उपभोक्ता महासंघ लगायत सार्वजनिक संघ/महासंघ गठन गर्न वाञ्छनीय देखिएको हुँदा सो को लागि २०८१ माघ मसान्तभित्र गठन गरिसक्ने निर्णय गरियो ।

निर्णय नं २१

प्रस्ताव नम्बर २१ माथि छलफल गर्दा पालिका स्थापना देखि हाल सम्मको आय व्यय र महालेखा परीक्षकबाट औंल्याइएको असुल उपर र शैद्धान्तिक बेरुजु फछ्र्यौट गर्ने सम्बन्धमा महालेखा परीक्षकको कार्यालयले दिएको निर्देशन/सुझाव कार्यान्वयन गर्न आन्तरिक परियोजनका लागि चाटर्ड एकाउन्टेन्ट/परामर्शदाताबाट प्रचलित कानून बमोजिम आन्तरिक लेखा परीक्षण तथा व्यवस्थापनका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं २२

प्रस्ताव नम्बर २२ माथि छलफल गर्दा यस गुरॉस गाउँपालिका सरकारको संगठन संरचनाबमोजिम रिक्त रहेकामध्येदेहाय कर्मचारीहरु करारमा भर्ना गर्ने निर्णय गरियो । साथै रोजगार संयोजकको हकमा सरुवा सहमति प्राप्त गरी आउनेलाई प्राथमिकता दिने निर्णय गरियो ।

| क सं | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | रोजगार संयोजक | १ | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| २ | सामाजिक परिचालक | १ | गरिब सँग विशेश्वर कार्यक्रम |
| ३ | नगर रक्षक | १ | |
| ४ | नगर रक्षक (जवान) | ३ | |

निर्णय नं २३

प्रस्ताव नम्बर २३ माथि छलफल गर्दा यस गुरॉस गाउँपालिकाको LISP कार्यक्रम र भौतिक पूर्वाधार तथा मेशनरी मर्मत कार्य व्यवस्थापन गर्न मर्मतसम्भार कोष स्थापना गर्न आवश्यकता महसुस गरिएको हुँदा सो को लागि बजेट विनियोजन गर्न गुरॉस गाउँ सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २४

प्रस्ताव नम्बर २४ माथि छलफल गर्दा आइडिई नेपाल र एभरेष्ट क्लबको साझेदारीमा सञ्चालन हुने पोषण सिकाई केन्द्रको लागि अनुमति प्रदान गर्ने र आवश्यक बजेटको साझेदारी गर्न ५० हजार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं २५

प्रस्ताव नम्बर २५ माथि छलफल गर्दा आधारभूत स्वास्थ्य सेवा केन्द्र धरमपोखराबाट सञ्चालन हुनेगरी खरिद प्रक्रियामा रहेको एम्बुलेन्स खरिद गर्न सम्झौता बमोजिमको अपुग रकम र एम्बुलेन्सलाई मापदण्ड बमोजिम दुरुस्त राख्न आइ पर्ने कार्य समेतको रकम गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय भयो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

दीप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं २६

प्रस्ताव नम्बर २६ माथि छलफल गर्दा गुरॉस गाउँपालिकाको निमार्णाधिनपन्ध्र शैय्या अस्पताल भवन निर्माणको जिम्मेवारिपाएको ठेकेदार कम्पनीको म्याद समाप्त भएकाले म्याद समाप्त भएका मिति देखि १ वर्षका लागि जमानत रकम थप गरि म्याद थप गर्ने र भवनमा ठेक्का अनुसारको पूर्ण कार्यका लागि डिजाइनलाई केहि कार्य परिवर्तित गरि ठेक्का बोल अंकमा थप रकम उपलव्ध नहुने हुँदा सोही रकमबाट भवनको अत्याआवश्यक कार्यलाई प्राथमिकतामा राखि अपुगहुन आएको कार्य परीमार्जन गरि प्रचलित कानुन बमोजिम मुल्यसमेत समायोजन गरी कार्य अगाडि बढाउने र निर्माण कम्पनिलाई तोकिएकै समयमै कार्य सम्पन्न गर्न निर्देशन समेत दिने निर्णय गरियो साथै मिति २०७८/१०/२० गते सम्झौता तथा २०७८/१२/२१ गतेको च.न. ११२३ को कार्यादेश प्राप्त भएको Construction of 15-Bed Ratikhola Basic Hospital Building" ठेक्का नं. "NCB/GRM/WORKS/06/2077/078 को निमाण कार्य हाल निर्माणधिन अवस्थामा रहेकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति योजना तथा अनुगमन महाशाखा, रामशाहपथ, काठमाण्डौबाट च.न. ११८ मिति २०८०/०४/१७ मा DPR Review भए पश्चात उक्त स्विकृत DPR Review बमोजिम निर्माण कार्य सुचारु गर्ने सन्दर्भमा ठेक्का सम्झौताको BOQ मा उल्लेख गरिएको BOQ Item हरु थपघट हुने अवस्था देखिए बमोजिम शुरु सम्झौता र DPR Review पश्चात निर्माणस्थलको प्रकृति र अवस्थालाई मध्यनजर गर्दा Stone Masonry Works, Aluminum Partition Work , Expansion Joint को कार्य सम्झौताको BOQ मा उल्लेख नभएको, Earthworks Excavation, Brick soling, Concrete work, Internal paint र TMT Reinforcement को BOQ मा उल्लेख भएको परिमाणमा थप गर्नु पर्ने साथै Brick masonary works, UPVC sheet,Stone soling,Earthwork filling,formwork,Marble Work, External paint, Aluminium door & windows, waterproofing works लगायतका कार्यहरुको BOQ बमोजिम Quantity घटाउनु पर्ने देखिएको भनि प्राप्त संलग्न प्राविधिक प्रतिवेदन सहितको भेरिएसन ढाँचा को आधारमा विनियोजित वजेटको सिमालाई समेत मध्यनजर गर्दै वजेटको सिमा भित्र भवन सम्पन्न गर्ने उदेश्य बमोजिम संलग्न प्राविधिक प्रतिवेदन बमोजिम गर्ने निर्णय गरियो । यसका साथै भवनको DPR Review अनुसार निर्माण कार्य गर्दा बजेट लागत धेरै बढ्ने देखिएकोले DPR कार्यको लागत, मुल्यबृद्धिको लागत र थप Variation लागत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौबाट उपलव्ध नगराईने भनि प्राप्त जानकारी अनुसार तथा यस गाँउपालिकामा बजेट स्रोत अभाव रहेको अवस्थालाइ समेत मध्यनजर गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त विनियोजित वजेटको सिमा भित्र रहि निर्माण व्यवसायी श्री प्रतिष्ठा मंगलदिप - नेपाल सोलुसन जे. भि. लाई सम्झौताको GCC Clause र सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को अधिनमा रहि निर्माण कार्य सम्पन्न गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं २७

प्रस्ताव नम्बर २७ माथि छलफल गर्दा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गुरॉस ६ बगौरा पिलाडि ठेक्का नं. ०२/०८०/०८१ र मालिका माध्यमिक विद्यालय गुरॉस ८ छोटेपोखरा ठेक्का नं. ०३/०८१/०८२ भवन निर्माण कार्य सम्पन्न हुन नसकेको हुँदा सम्पन्न नहुनुको कारण माग गर्ने र नियमानुसारको दस्तुर लिई आगामी म्याद थपका सम्बन्धमा आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

प्रस्ताव नम्बर २८ माथि छलफल गर्दा चालु आ.व. २०८१/८२ को संघिय शसर्त अनुदान तर्फको नयाँ बाखा पकेट विकास कार्यक्रम संचालन कार्यान्वयन गर्न वडा नं. १ र ५ लाई छनौट गर्ने निर्णय गरियो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टप बहादुर डि.सी.
अध्यक्ष

निर्णय नं. २९

प्रस्ताव नम्बर २९ माथि छलफल गर्दा यस गुराँस गाउँपालिकामा सञ्चालन गरिने एक वडा एक उद्योग कार्यक्रम सञ्चालन गर्न कृषिमा आधारित उद्योगको साझेदारीलाई प्राथमिकता दिने र प्रत्येक वडामा एक एक वटा उद्योग संचालन गर्ने गरी कार्यक्रम कार्यान्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

प्रस्ताव नम्बर ३० माथि छलफल गर्दा जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धमा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को आधारमा जनप्रतिनिधिहरुलाई सेवा सुविधा प्रदान गर्ने तथा ऐन कानुन र विधि विपरीत कुनै पनि खर्च कार्यालय बाट भुक्तानि नदिने निर्णय गरियो।

निर्णय नं ३१

प्रस्ताव नम्बर ३१ माथि छलफल गर्दा गुराँस गाउँपालिकालाई डिजिटल प्रणालीमा रुपान्तरण गर्न गाउँपालिकामा परीक्षणका रुपमा रहेका योजना/वडा सिफारिससफ्टवेयर गाउँपालिकाले पूर्णरुमा लागू गर्न नियमानुसार खरिद प्रक्रिया अगाडी बढाई सफ्टवेयर पालिकाको स्वामित्वमा लिने र वडा सिफारिस सफ्टवयर कार्यान्वयन नगरेका वडा सचिव तथा वडाका कर्मचारीहरुलाई सफ्टवयर संचालन नगर्नुको कारण बारे स्पष्टिकरण सोध्ने निर्णय गरियो ।

निर्णय नं ३२

प्रस्ताव नम्बर ३२ माथि छलफल गर्दा यस गुराँस गाउँपालिका र गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाले सञ्चालन गर्ने एम्बुलेन्सको तोकिएको दररेटमा यस गाउँपालिका बासी ७० वर्ष माथिका ज्येष्ट नागरिक र क बर्गका अपाङ्गता भएका व्यक्तिलाई उमेर खुल्ने प्रमाण पेश गरेमा एक पटकमा एकतर्फी रुपमा भाडा छुट सुविधा दिने निर्णय गरियो ।

निर्णय नं ३३

प्रस्ताव नं. ३३ माथि छलफल गर्दा,

विविध (क)राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जारी गरेको सूचनाको आधारमा यस गुराँस गाउँपालिका पनि स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कनमा समावेश हुने र सो को लागि यथासिघ्र विवरण पेश गर्ने निर्णय गरियो ।

विविध(ख) जीवन सुरक्षा कोष, बालबालिका सँग अध्यक्ष कार्यक्रम र जोखिम बालबालिका कोषको रकम सदुपयोगका सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान र छानविन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्नका लागि देहायको संयोजक र सदस्यहरु रहेको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजकः कुलबिर वि. क.

सदस्यः अमृता वि. सी.

सदस्यः खेमराज उपाध्याय

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर बि.सी.
अध्यक्ष

विविध (ग) गुरुङहरुको महान पर्व तमु ल्होसारको अवसरमा गुरुँस गाउँपालिका ४ नम्बर वडामा आयोजित कार्यक्रम व्यवस्थापनमा खर्च भएको भनी आर्थिक सहयोग माग भएकोमा उक्त कार्यक्रममा रकम रु. १ लाख सहयोग गर्ने निर्णय गरियो ।

विविध (घ)नेपाल सरकार शसर्त अनुदान अन्तर्गतको कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम शिर्षकमा विनियोजित बजेटबाट गुरुँस गाउँपालिकाका युवाहरुको लागि पलम्बर तालिम संचालन गर्ने निर्णय गरियो ।

विविध (ङ)पालिकाको जिन्सी शाखामा मौज्दात रहेका देहाय बमोजिमका सामग्रीहरु निम्नानुसार वितरण गर्ने र केहि सामग्री नष्ट गर्नुपर्ने भएको हुँदा कानुनबमोजिम मुचुल्का तयार गरी नष्ट गर्ने निर्णय गरियो ।

तपसिलः

१) फलामे सुधारिएको चुलोःवडा नं ३ र ४ अन्तर्गतको तल्लो र माथिल्लो पेटारी टोलमा वितरण गर्ने ।

२) फिल्टरः वडा कार्यालय, स्वास्थय चौकि र विद्यालयहरुमा वडा कार्यालयहरुमा वितरण गर्ने ।

३) वडा कार्यालयको मागका आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमका श्रमिकहरुलाई गमबुट, हेलमेट, ज्याकेट उपलब्ध गराउने ।

४) कोभिडको महामारीमा विभिन्न संस्थाहरुबाट पालिकालाई प्राप्त भई हाल सम्म पनि मौज्दात रही म्याद गुज्रिएका मास्क, स्यानीटरी प्याड, फिनायल हाईड्रोकोलोराईडलाई प्रहरी मुचुल्का बनाएर सुरक्षित नष्ट गर्ने निर्णय भयो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः ४३ मितिः २०८१/०९/२६ समयः बिहान ११:३० बजे

आज मिति २०८१/०९/२६ गते गुराँस गाउँपालिकाको चौवालीसौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. | श्री टोप बहादुर बि.सी. | - गाउँपालिका अध्यक्ष |
| २. | श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| ३. | श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष, वडा नं. १ |
| ४. | श्री शेर बहादुर रावल | - वडा अध्यक्ष, वडा नं. २ |
| ५. | श्री काँशिराम शर्मा | - वडा अध्यक्ष, वडा नं. ३ |
| ६. | श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष, वडा नं. ४ |
| ७. | श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष, वडा नं. ५ |
| ८. | श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष, वडा नं. ६ |
| ९. | श्री नन्द बहादुर बि.सी. | - वडा अध्यक्ष, वडा नं. ७ |
| १०. | श्री दीपेन्द्र वली | - वडा अध्यक्ष, वडा नं. ८ |
| ११. | श्री अमृता कुमारी वि.सी. | - सदस्य |
| १२. | श्री विर्मा वि.क. | - सदस्य |
| १३. | श्री कुल बिर वि.क. | - सदस्य |
| १४. | श्री सम्झना कुमारी बुढा | - सदस्य |
| १५. | श्री पम्फी वि.क. | - सदस्य |
| १६. | श्री भुमिसरा वली | - सदस्य |
| १७. | श्री दिल बहादुर पौडेल | - सचिव, प्रमुख प्रशासकीय अधिकृत |

प्रस्तावहरु

१. गाउँ सभाको तयारी र प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२. कार्यसूचि पारित गर्ने सम्बन्धमा ।

३. पालिकाको जग्गा व्यवस्थापन र भवन लिने सम्बन्धमा ।

४. सातौं तह कायम गर्ने र नियुक्ति अनुमोदन सम्बन्धमा ।

५. सरुवा भई आउने र जाने कर्मचारीको सम्बन्धमा ।

६. विविध ।

६.क. आर्थिक सहायता सम्बन्धमा ।

६.ख. सेवा करारका कर्मचारीको तलब सरकारी सवारी साधन उपयोग सम्बन्धमा ।

६.ग. सेवा करार कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन एवं करार म्याद थप सम्बन्धमा ।

६. घ. विभिन्न् बैठक र गा.पा. अध्यक्ष ज्यूको निर्देशनमा भए/गरेका कामहरुको अनुमोदन सम्बन्धमा ।

६.ङ. जनता आवासकार्यक्रकमा लाभग्राहीको नाम शंशोधन सम्बन्धमा ।

६.च. ठेक्काको म्याद थप सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १)

प्रस्ताव नं. १ माथि छलफल गर्दा गुराँस गाउँ सभाको १५ औं अधिवेशनका लागि गरिएका कार्यविभाजन बमोजिमका सम्पूर्ण तयारी पूरा भएको र अध्यक्ष समक्ष कार्यसूचि सहित पेश भै सकेकोले गाउँ सभामा सरकारका तर्फबाट पेश गर्ने देहाय बमोजिमका प्रस्तावहरु छलफल गरी तोकिएको समयमै सभा संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१) शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२) कार्यसूचि पारित गर्ने सम्बन्धमा ।

३) आ व २०८१/८२ को बार्षिक बजेट शिर्षक संशोधन तथा रकमान्तर सम्बन्धमा ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

४) विधेयकहरु पेश र पारित गर्ने सम्बन्धमा ।

५) गाउँ कार्यपालिकाबाट पास भएका कार्यविधि, निर्देशिका, नियमावली लगायतलाई अनुमोदन गर्ने सम्बन्धमा।

६) कार्यपालिका तथा विषयगत समितिबाट निर्णयहरु अनुमोदन सम्बन्धमा ।

निर्णय नं. २)

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँ सभा सचिवालयले अध्यक्ष ज्यू समक्ष पेश गरेको गुराँस गाउँ सभाको १५ औं अधिवेशनको कार्यसूचि पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३)

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाको आफ्नो स्थाई प्रशासनिक भवनको अभावले कार्य संचालन र सेवा प्रवाहमा बिघ्नबाधा परेको हुँदा जिल्ला दैलेख साविक सेरी गा.वि.स. वडा नं. ९ मा रहेका श्री लालिगुराँस सहकारी संस्थाको नाममा दर्ता कायम रहेको कित्ता नं. ३८८ (३०० वर्ग मि.) र ३८९ (१३१० वर्ग मि.) को जम्मा क्षेत्रफल १६१० वर्ग मिटरमा रहेको जग्गासहितको भवन प्राप्तीका लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ (क) बमोजिम नेपाल सरकारमा अनुरोध गर्ने र उक्त जग्गा नियमानुसार प्राप्त गर्दा तिर्नु पर्ने मुआब्जा र आवश्यक अन्य खर्च गाउँपालिकाले व्यहोर्ने र आवश्यक प्रक्रिया अगाडी बढाउन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो । साथै सोहि कित्तासँग जोडिएको दक्षिण तर्फको साविक सेरी गाविस वडा नं. ९ मा रहेका तपसिलका जग्गा धनिहरुले दान स्वरुप दिन इच्छा जाहेर गरेका जग्गाहरु गाउँपालिकाले स्वीकार गर्ने र उक्त जग्गा प्राप्त गर्न सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम प्रक्रिया अगाडी बढाउन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | जग्गा धनीको नाम | कित्ता नं. | क्षेत्रफल (वर्ग मि.) | कैफियत |
|---|---|---|---|---|
| १ | झुपा बुढा क्षेत्री | ३१४ | ०२५९० मध्येबाट ५०८.७४ वर्ग मि. | १ रोपनी |
| २ | मिना महतारा | ३१२ | ०२४६५ मध्येबाट ५०८.७४ वर्ग मि. | १ रोपनी |
| ३ | यमलाल सुवेदी | ३१३ | ०२४९० मध्येबाट ५०८.७४ वर्ग मि. | १ रोपनी |
| ४ | दिप बहादुर भण्डारी | ३९० | ०१५०० | ३ रोपनी |
| ५ | अक्रुर ध्यवज शाही | ३३८ | ०९५१० मध्ये १५२६.२२ वर्ग मि. | ३ रोपनी |

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर थिःसी
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमिरा, दैलेख
कर्णाली प्रदेश नेपाल

निर्णय नं. ४)

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०७६/०९/०२ गते अधिकृत छैठौं तहमा स्थायी नियुक्ति पाई यस गुराँस गाउँपालिकामा कार्यरत अधिकृत छैठौं श्री मदन प्रकाश मल्ल (कर्मचारी संकेत नं. २२८६४१) को न्यूनतम शैक्षिक योग्यता पुगेकाले कर्णाली प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा (१) र (४) मा व्यवस्था भए बमोजिम सम्वत् २०७७ साल फागुन ६ गते देखि जेष्ठता कायम हुने गरी अधिकृतस्तर सातौं तह कायम गर्ने निर्णय गरियो । साथै प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, सुर्खेतको च.नं. ४०९, मिति २०८१/०९/२१ गतेको सिफारिस पत्रानुसार यस गुराँस गाउँपालिकामा सिफारिस भई आउनु भएका कृषि सेवा, भेटेनरी समूह, पशु चिकित्सक सातौं श्री पुरुषोत्तम कोजु श्रेष्ठलाई कार्यालयको निर्णयानुसार मिति २०८१/०९/२२ गते देखि लागू हुने गरी दिइएको नियुक्ति तथा पदस्थापनालाई लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५)

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गुराँस गाउँपालिकामा सरुवा भई आउने र जाने कर्मचारीका सम्वन्धमा कार्यालयको पदपूर्तीको अवस्था, आवश्यकता र औचित्यता समेतलाई ध्यानमा राखी आवश्यक कर्मचारी अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले संयुक्त रुपमा अनुमति सहमति दिने निर्णय गरियो ।

निर्णय नं. ६)

प्रस्ताव नं. ६ माथि छलफल गर्दा,

विविध (क)

आर्थिक सहायता सम्वन्धमा छलफल गर्दा गत साउन देखि हालसम्मका निवेदनहरुमा दुर्घटना, स्वास्थ्य सहायता, असहाय लगायतका आर्थिक सहायता माग भइ रित पुर्वक पेश भएका निवेदनहरु आगामी बैठकमा पेश गर्ने निर्देशन दिने निर्णय गरीयो ।

विविध (ख) गुराँस गाउँपालिकामा कार्यरत समान तहका (शसर्त अनुदान बाहेकका) करार कर्मचारीहरुको तलब भत्ता फरक फरक भएको सम्वन्धमा गुनासो आएको हुँदा समान तहका करार कर्मचारीहरुको तलब भत्तामा एकरुपता कायम गर्नका लागि कार्यालयलाई निर्देशन दिने साथै फिल्ड भत्ताको हकमा यस पूर्व भएको निर्णय बमोजिम वडा सिफारीसको आधारमा फिल्ड भत्ता उपलब्ध गराउने र कार्यालयका सवारी साधन मोटर साईकल फिल्ड प्रयोजनका लागि लगवुकको आधारमा मात्र प्रयोग गर्ने निर्णय गरीयो ।

विविध (ग) गुराँस गाउँपालिकामा कार्यरत विभिन्न कार्यक्रम शिर्षकवाट तलब सुविधा पाउने सेवा करारमा मिति २०८१ श्रावण १ गते देखि पौष मसान्त सम्म करार अवधि भएका कर्मचारीहरुको कार्यालयवाट पेश भएको कार्यसम्पादन मूल्यांकनका आधारमा कार्य कार्यसम्पादन मूल्यांकन उत्तिर्ण सेवा करारका

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

कर्मचारीहरुको मूल्यांकन अनुमोदन गरी सेवा करारको म्याद २०८२ असार मसान्त सम्मका लागि थप गर्ने निर्णय गरीयो ।

विविध (घ) गुराँस गाउँपालिका मातहतमा रहेका विभिन्न विषयगत समितिहरुले कार्य संचालनका क्रममा गरेका विभिन्न समिति उपसमिति र नियमानुसार गर्नु पर्ने अति आवश्यकिय कामहरुका लागि विभिन्न समितिहरुले गरेका निर्णय र गा.पा. अध्यक्ष ज्यूको निर्देशनमा भए/गरेका कामहरुको अनुमोदन गर्ने निर्णय गरीयो ।

विविध (ङ) गुराँस गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने जनता आवास कार्यक्रमका लागि गुराँस गाउँपालिकाको वडा नं. ४ का लागि सोही स्थानकी मनकुमारी वि.क. को नाम सिफारीस गरी पठाएको मा निज मनकुमारी वि.क. को आफ्नो नाममा जग्गा नभएका कारण कार्यक्रम कार्यान्वयन संझौता गरी कार्य संचालन गर्न नसकिने भएकाले उल्लेखित नाम मनकुमारी वि.क. को नाम परीवर्तन गरी सोही वडाका कौशिला गुरुङ्गलाई उक्त सेवाको लाभ ग्राहीका रुपमा कार्यसंचालन गर्नका लागि पूर्वाधार कार्यालय दैलेखलाई सिफारीस गर्ने निर्णय गरीयो ।

विविध (च)

१. गुराँस गाउँपालिकावडा न ८ को कृषि क्याम्पस निर्माणका लागि ठेक्का पाएको के.वि. गुरुङ्ग कन्ट्रक्सन प्रा लि ठेक्का न NCB/GRM/02/GACBCW/2078/79 को कार्य संचालन गरीरहदा सम्पन्न कार्यको रनिङ्ग विल भुक्तानि माग गरेकोमा कार्यालयवाट रकम भुक्तानी नभएका कारणले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको र हाल रनिङ विलको भुक्तानी पश्यात तोकिएको समयमा कार्य सम्पन्न गर्न प्रतिवद्धता गरेकाले उक्त योजना GURANS AGRICULTURE CAMPUS BUILDING CONSTRUCTION WORKS, GURANS-08, DAILEKH को ठेक्का म्याद मिति २०८१ साल चैत्र ३१ गते सम्मका लागि म्याद थप गर्ने.।
२. गुराँस गाउँपालिकावडा न ६ को भिउचुला बगौरा पुलिया सडक स्तरउन्तिका लागि शुभलक्ष्मी निर्माण सेवा वीरेन्द्रनगर ४ सुर्खेत संग तोकिएको ठेक्का प्रारम्भिक ठेक्काको कार्य ढिला शुरु भएको र कार्य संचालन गरीरहदा सम्पन्न कार्यको रनिङ्ग विल भुक्तानि माग गरेकोमा कार्यालयवाट रकम भुक्तानी नभएका कारणले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको र हाल रनिङ विलको भुक्तानी पश्यात तोकिएको समयमा कार्य सम्पन्न गर्न प्रतिवद्धता गरेकाले पाएको ठेक्का न GRM/WORKS/NCB/01/080/81, Upgrading of Bhyuchula, Bagaura, Puliya Road, Gurans -06 Dailekh को ठेक्का म्याद २०८१ माघ २५ सम्म थप गर्ने ।
३. गुराँस गाउँपालिका वडा नं. ४ मा निर्माणाधिन १५ सैया गुराँस अस्पतालको डि. पी. आर. संशोधन भइ कार्य अगाडि बढेको हुदा थप घट हुने आइटममा कुल संझौताको लागतमा रकममा फरक नपर्ने गरी मुल्य भेरीएस नगरी कार्य अगाडी बढाउने निर्णय गरीयो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर सिंही
अध्यक्ष